# हेटौंडा उपमहानगरपालिकाको प्रथम नगरसभा समक्ष नगर उपप्रमुख श्री मीना लामाबाट प्रस्तुत आ ब २०७४।०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको बिधेयक, २०७४ एवं तत् सम्बन्धी वार्षिक नीति तथा कार्यक्रम

यस सभाका अध्यक्ष एवं हेटौंडा उपमहानगरपालिकाका प्रमुख श्री हरिबहादुर महतज्यू,

उपमहानगरकापालिकाका सल्लाहकार एवं नेपाल नगरपालिका संघका अध्यक्ष श्री डोरमणी पौडेलज्यू

कार्यकारी अधिकृत श्री कृष्णप्रसाद पाण्डेज्यू

वडा अध्यक्षज्यूहरू र नगरकार्यपालिकाका सदस्यज्यूहरू, एवं

नगर सभाका सदस्यज्यूहरू,

यस सभामा उपस्थित सबैमा सर्बप्रथम हार्दिक अभिवादन ब्यक्त गर्न चाहन्छु ।

हेटौंडा उपमहानगरपालिकाको प्रथम नगर सभाबाट आगामी आ ब २०७४।०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको बिधेयक, २०७४ एवं तत् सम्बन्धी वार्षिक नीति तथा कार्यक्रम र आय अनुमान प्रस्तुतीका लागि बसेको पहिलो यस गरिमामय सभामा सर्बप्रथम नेपाल राष्ट्रको स्थापना, निर्माण, प्रजातन्त्र, लोकतन्त्र हुँदै संघीय गणतन्त्र स्थापना एवं कार्यान्वयनको क्रममा बिभिन्न समय, स्थान र चरणमा भएका आन्दोलनहरूमा देश र जनताका लागि आफ्नो अमूल्य जीवन नै उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

**यस गरिमामय सभामा उपस्थित हुनु भएका सम्पूर्ण आदरणीय महानुभावहरू,**

नेपाल सरकारको निर्णय अनुसार मिति २०७३।११।२७ देखि स्थानीय निकायको रूपमा रहेका जिल्ला बिकास समितिहरु, नगरपालिकाहरू तथा गाउँ बिकास समितिहरू सबै स्थानीय तहमा परिणत भए पश्चात् भएको पहिलो चरणको निर्बाचनमा आफ्नो अमूल्य मत दिई हामी सबैलाई बिजय गराउनु हुने सम्पूर्ण नगरबासी मतदाताहरूलाई हार्दिक धन्यबाद दिन चाहन्छु ।

**आदरणीय महानुभावहरू**

स्थानीय तहको गठन भई निर्बाचन सम्पन्न भइसक्दा नसक्दै आर्थिक वर्ष नजिकिइ सकेको र नयाँ आर्थिक वर्ष शुरू हुनासाथ स्थानीय सरकारको हैसियतले परिबर्तित सन्दर्भको नयाँ बजेट नीति तथा कार्यक्रमका साथ अघि बढ्नुपर्ने बाध्यतालाई दृष्टिगत गरी तत्काल जारी नगरीनहुने **आर्थिक ऐन, २०७४** का लागि **अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको बिधेयक, २०७४** एवं तत् सम्बन्धी वार्षिक नीति तथा कार्यक्रम र आन्तरिक आय अनुमानको खाका तयार गरी प्रस्ताव गरिएको छ । बिनियोजन बिधेयक सँग सम्बन्धित कामहरू जस्तैः योजना छनौटका लागि वडाभेला गर्ने, बिषयगत समितिहरूको बैठक बस्ने, एकीकृत योजना तर्जुमा समितिको बैठक बस्ने लगायतका प्रारम्भिक कामहरू सम्पन्न गर्न केही समय लाग्ने भएकोले क्रमशः ती सबै कामहरू यथासक्य चाँडै सम्पन्न गरी बिनियोजन बिधेयक यस सम्मानित सभा समक्ष प्रस्तुत हुने ब्यहोरा समेत अनरोध गर्न चाहन्छु ।

अब म गत २२ औं नगरपरिषद बैठकबाट चालु आ ब २०७३।०७४ का लागि स्वीकृत (संशोधित) आन्तरिक आय अनुमान र त्यसको प्रगति समीक्षा छोटकरीमा प्रस्तुत गर्न चाहन्छु । चालु आ ब का लागि कूल आन्तरिक आय रू १४ करोड ९७ लाख ३८ हजार अनुमान गरिएकोमा २०७४ आषाढ १५ सम्ममा रू १४ करोड १३ लाख ७० हजार आय संकलन भएको छ । अर्थात् कूल लक्ष्यको तुलनामा ९४ प्रतिशत प्रगति हासिल भएको देखिन्छ । आन्तरिक आय शीर्षकहरू मध्ये एकीकृत सम्पत्तिकर, पटके सबारी कर, ब्यबसायकर, घरबहाल कर, नक्सापास दस्तुर, सिफारिस दस्तुर र भाडा तथा बहाल मुख्य आय शीर्षकको रुपमा रहेका छन् भने मालपोत कार्यालयबाट प्राप्त हुने रजिष्ट्रेशन शुल्क बापतको रकम पनि उल्लेख्य नै रहेको छ । ब्यबसायकर तर्फ रु ७० लाख अनुमान गरिएकोमा करिब ४७ लाख (अनुमानको तुलनामा ६७ प्रतिशत ) मात्र रकम संकलन भएको दखिन्छ भने बिज्ञापन कर तर्फ २० लाख अनुमान गरिएकोमा २०७४ आषाढ १५ गते सम्ममा रु २ लाख ७७ हजार मात्र संकलन भएको अबस्था छ । यी दुबै आय शीर्षकहरूबाट आय संकलन गर्नका लागि सार्बजनिक निजी साझेदारी (Public Private Partnership_PPP) को अबधारणामा आधारित भै मकवानपुर उद्धोग बाणिज्य संघ सँग सहकार्य भएको देखिन्छ । राजस्व बाँडफाँड अन्तर्गत जिल्ला समन्वय समिति मकवानपुरबाट प्राप्त हुने अनुमान गरिएको आय र संकलन भएको रकम दुबै उत्साहजनक छैन तापनि समग्रमा कूल आन्तरिक आयको कार्यसम्पादन सन्तोषजनक नै रहेको देखिन्छ ।

**आदरणीय महानुभावहरू**

स्थानीय तह संचालन तथा ब्यबस्थापन सम्बन्धमा नेपाल सरकारबाट पटकपटक जारी भएका आदेशहरू तथा राजस्व परामर्श समितिले दिएका सुझावहरू समेतलाई आधार मानी यस हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको बिधेयक, २०७४ यस सभा समक्ष प्रस्तुत गर्ने क्रममा उक्त बिधेयकमा भएका मुख्यमुख्य प्राबधानहरूलाई छोटकरीमा प्रस्तुत गर्न चाहन्छु ।

हाल सम्म नेपाल सरकारबाट स्थानीय तह संचालन तथा ब्यबस्थापन सम्बन्धमा कानून निर्माण भईनसकेको अबस्थामा नै यस हेटौंडा उपमहानगरपालिकाको आगामी आ ब २०७४।०७५ का लागि आर्थिक ऐन, २०७४ जारी गर्नु परेकोले यस बिधेयकमा उपमहानगरपालिकाले हाल सम्म स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली,२०५६ तथा स्थानीय निकाय आ प्र नियमावली २०६४ मा उल्लेख भए अनुसार अभ्यासमा ल्याइएका कर, दस्तुर तथा शुल्कका न्युनतम तथा अधिकतम सीमालाई नै यथा संभव आधारको रुपमा लिइएको छ । नेपालको संबिधान २०७२ को अनुसूची ९ मा उल्लेख भए अनुसार साझा सूचीमा रहेका अधिकारहरूको हकमा हाल संघीय तथा प्रादेशिक कानून निर्माण भई साझा अधिकारको सम्बन्धमा स्पष्ट ब्यबस्था नभए सम्मका लागि साबिकमा अभ्यासमा रहेका आय शीर्षकहरूलाई आगामी आ ब २०७४।०७५ मा यथावतरूपमा आय शीर्षककोरूपमा कायम गरी आय प्रक्षेपण समेत गरिएको छ ।

साबिकदेखि नै अभ्यासमा रहेका आय शीर्षकहरूको हकमा कर, शुल्क तथा दस्तुरहरूको संकलनलाई सहज बनाउने उद्धेश्यले बिस्तृत बिबरण सहितको छुट्टाछुट्टै १४ वटा अनुसूचिहरूको समेत ब्यबस्था गरिएको छ । एकीकृत सम्पत्तिकर लगायत कतिपय आय शीर्षकहरूको हकमा स्थानीय तह संचालन तथा ब्यबस्थापन सम्बन्धी कानून निर्माण भै कार्यान्वयनमा नआएसम्म सबै किसिमका अनुसूचिहरू निर्माण गर्न कठिनाइ हुने भएकोले यस ऐनमा उल्लेख भएका ब्यबस्थाहरुको हकमा यसै प्रस्ताबित बिधेयक बमोजिम र अन्य उल्लेख नभएकाको हकमा बिगतमा उपमहानगरपालिकाको परिषदले स्वीकृत गरेका बिनियम, कार्यबिधि, निर्देशिका, निर्णय एवं अनुसूचीहरु र प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुने गरी यो ऐन कार्यान्वयनमा ल्याउन प्रस्ताव गरिएको छ ।

**यस गरिमामय सभामा उपस्थित हुनुहुने आदरणीय महानुभावहरू**

यस उपमहानगरपालिकाको आन्तरिक आम्दानीका श्रोतहरू (जस्तैः  ट्रेकिङ, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क, पर्यटन शुल्क, जडीबुटी, कबाडी र जीवजन्तु कर र बहाल बिटौरी शुल्क) को प्रभावकारी रूपमा परिचालन हुन नसकिरहेको सन्दर्भमा ती संभावित आयश्रोतहरूलाई यसै प्रस्ताबित बिधेयकमा नै उल्लेख गरी नगर कार्यपालिकाबाट नियम बनाई कार्यान्वयन गर्न सक्ने गरी प्रस्ताव गरिएको छ । साथै, हालसम्म अभ्यासमा नआएको उपमहानगरपालिका क्षेत्रभित्र रहेका वातावरणलाई प्रतिकूल प्रभाव पार्ने उद्धोग, व्यबसाय वा वातावरण प्रदूषित गर्ने किसिमका बस्तु वा सेवाको कारोबार गर्ने ब्यक्ति वा संस्थालाई वातावरण प्रदूषण शुल्क लगाउन प्रस्ताव गरिएको छ, जसबाट यस उपमहानगरपालिकाको लागि आगामी दिनमा ठूलो र स्थाई आम्दानीको श्रोत हुनसक्ने अनुमान समेत गरिएको छ ।

**उपस्थित आदरणीय महानुभावहरू**

आगामी आ ब २०७४।०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको बिधेयक, २०७४ को सार संक्षेप यस सभा समक्ष प्रस्तुत गर्ने क्रममा उक्त बिधेयक सँग सम्बन्धित अनुसूचिहरूमा उल्लेखित मुख्यमुख्य कर, शुल्क तथा दस्तुरहरूका बारेमा समेत छोटकरीमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

एकीकृत सम्पत्ति कर धेरैजसो नगरबासीहरूलाई लाग्ने कर भएकोले यथा संभव प्रगतिशील करदर कायम गर्ने प्रयास गरिएको छ । मालपोत कार्यालयले रजिष्ट्रेशन पारित प्रयोजनका लागि वार्षिक रूपमा कायम गर्ने जग्गाको मूल्यलाई आधार मानी सम्पत्ति मूल्यांकन गर्ने गरिएको छ । पक्की घरहरू निर्माण हुने क्रम मुख्य शहरी क्षेत्रमा बढी हुने भएकोले **सक्नेले तिर्ने सिद्धान्त (Ability to Pay Principle)** बमोजिम पक्कीघरहरूको मूल्यांकनमा सामान्य बृद्धि गरिएको छ । यसरी कर निर्धारण गर्दा गत वर्ष तिरेको वा तिर्नुपर्ने कर रकमको ३० प्रतिशत भन्दा बढी नहुने गरी कर संकलन गर्ने र यदि कर निर्धारण गर्दा गत वर्ष तिरेको वा तिर्नुपर्ने कर रकम भन्दा कम  हुने भएमा गत वर्ष तिरेको वा तिर्नुपर्ने कर रकम भन्दा कमी नहुने गरी कर संकलन गर्ने गरी प्रस्ताव गरिएको छ ।

ब्यबसाय कर बिशुद्ध उद्धोग, पेशा एवं ब्यबसाय सँग सम्बन्धित ब्यक्ति वा संस्थालाई मात्र लाग्ने भएकोले ती ब्यावसायीहरूको हितलाइ समेत ध्यानमा राखी मकवानपुर उद्धोग बाणिज्य संघ तथा उद्धोग संघ हेटौंडाका

प्रतिनिधिहरू समेतको राय सल्लाहमा केही ब्यबसायमा सामान्य बृद्धि गरी करका दरहरू प्रस्ताव गरिएको छ ।

महिला उद्धमीहरूले सञ्चालन गर्ने उद्धोगहरूको दर्ता दस्तुरमा निर्धारित दस्तुरको ५० प्रतिशत छुट दिने गरी प्रस्ताव गरिएको छ । यसै गरी माटाका भाँडा बिक्री गर्ने तथा हस्तकलाका सामान बिक्री गर्ने ब्यबसायीहरूलाई प्रबर्द्धन गर्ने उद्धेश्यले साबिकको कर दरमा केही कम गरी प्रस्ताव गरेको छु ।

घर तथा अन्य प्रकारका संरचनाहरुको नक्सा पास गर्दा लाग्ने दस्तुरमा भू उपयोग, भौगोलिक बिशेषता, संरचनाको किसिम समेतलाई बिचार गरी मुख्य शहरी क्षेत्र केन्द्रित हुने गरी संभव भएसम्म प्रगतिशील दर कायम गर्ने प्रयास गरिएको छ ।

कार्यालयबाट प्रदान गरिने बिभिन्न प्रकारका सेवामा साबिकदेखि लाग्दै आएको दस्तुर तथा सेवा शुल्क मध्ये केहीमा सामान्य बृद्धि सहित र प्लटिंग स्वीकृति प्रदान गर्दा लाग्ने शुल्कमा भने उल्लेख्य बृद्धि गरी प्रस्ताव गरिएको छ ।

जिल्ला समन्वय समितिको कार्यालय मकवानपुरबाट अगामी आ ब मा राजस्व बाँडफाँड बापत यस कार्यालयलाई प्राप्त हुने आयमा भने उल्लेख्य बृद्धि हुने अनुमान गरिएको छ भने मालपोत कार्यालय मकवानपुरबाट रजिष्ट्रेशन शुल्क बापत प्राप्त हुने आयलाई सामान्य बृद्धि हुने अनुमान गरी प्रस्ताव गरिएको छ ।

**यस गरिमामय सभामा उपस्थित हुनुहुने आदरणीय महानुभावहरू**

अब म आगामी आ ब २०७४।०७५ का लागि यस उपमहानगरपालिकाको अनुमान गरिएको आन्तरिक तथा बाह्य आयको संक्षिप्त बिबरण देहाय बमोजिम भएको ब्यहोरा अनुरोध गर्दछु । चालु आ ब को राजस्व तर्फको कार्यसम्पादन स्तर, अभ्यासमा रहेका कर, शुल्क तथा दस्तुरका दरहरू, राजस्व संकलनमा देखिएका बिद्यमान चुनौतिहरू, राजस्वको संभाब्यता, बर्तमान जनशक्ति तथा राजस्व परामर्श समितिका सुझावहरू, तथा नेपाल सरकार, नगर बिकास कोष, सडक बोर्ड तथा अन्य निकायबाट प्राप्त हुनसक्ने आय समेतका आधारमा कूल १ अरब २२ करोड ९० लाख ३५ हजार रूपैया आय हुने अनुमान गरिएको छ । जसमध्ये कूल आन्तरिक आय रू १९ करोड ३ लाख ७० हजारको सारांश बिबरण देहाय बमोजिम प्रस्तुत गरिएको छः

(क) एकीकृत सम्पत्तिकर रु ३ करोड १० लाख

(ख) घरबहाल कर रू ३० लाख

(ग) रजिष्ट्रेशन दस्तुर रू ३ करोड १५ लाख

(घ) पटके सबारी कर रू २ करोड ४० लाख

(ङ) वार्षिक सबारी कर रू १ लाख ५० हजार

(च) बिभिन्न प्रकारका दस्तुरहरू रू २ करोड ५७ लाख ५० हजार

(छ) बिज्ञापन कर रू ३० लाख

(ज) ब्यबसायकर रू ९० लाख

(झ) बक्यौता घरजग्गा कर तथा मालपोत रू ५ लाख ५० हजार

(ञ) वातावरण प्रदूषण शुल्क रू ८५ लाख

(ट) जिल्ला समन्वय समितिबाट राजस्व बाँडफाँड वापत प्राप्त हुने आय रू २ करोड २ लाख

(ठ) अन्य रु ३ करोड ३७ लाख २० हजार

कूल बाह्य आय रू १ अरब ३ करोड ८६ लाख ६५ हजार रूपैंयाको सारांश बिबरण यस प्रकार छ : (क) सरकारबाट प्राप्त हुने समानीकरण अनुदान रू ५२ करोड ५५ लाख ९४ हजार

(ख) सरकारबाट प्राप्त हुने सशर्त अनुदान रू ३१ करोड ७१ हजार

(ग) नगर बिकास कोषबाट प्राप्त हुने अनुदान रू ८० लाख

(घ) **सडक बोर्ड नेपाल**बाट प्राप्त हुने अनुदान रू ९० लाख

(ङ) **नेपाल सरकार**बाट सामाजिक सुरक्षा भत्ता बापत प्राप्त हुने अनुदान रू १८ करोड ५० लाख

(च) अन्य आय रु १० लाख

अन्त्यमा, आय अनुमानका क्रममा सहयोग गर्नुहुने सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यबाद ।**मिति २०७४ आषाढ २९ गते बिहीबार ।**